फोन नं-०८९ . ४२०१२४,४२०१२१
फ्याक्स नं-०८९ . ४२०१२४

# दैलेख जिल्ला अदालत
# दैलेख

प.सं. :- ०७४।०७५
च.न.- 69

मिति : २०७४।०५।०६

विषय :- लिलाम बढावढ सम्वन्धी सूचना ।
पहिलोपटक प्रकाशित मिति २०७४।०५।०६

दैलेख जिल्ला अदालतको न्यायाधीश आवास भवन निर्माणका लागी पुरानो न्यायाधीश आवास भवन भत्काइ सो पुरानो भवनमा प्रयोग भएका ढुंगा ,काठ ,पत्थर लगायतका सामग्रीहरुको लिलाम गर्नका लागी यस अदालतमा जिल्ला प्रशासन कार्यालय ,जिल्ला वन कार्यालय, कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रतिनिधि सम्मिलित मुल्यांमन समितिबाट मुल्यांकन भइ आएको देहाय बमोजिमको मुल्याङ्कित रकममा नघट्ने गरी देहायका शर्तमा बढाबढद्वारा लिलाम बिक्रि गर्नु पर्ने भएकोले आर्थिक कार्यबिधि नियमावली २०६४ को परिच्छेद ७ को नियम ५८ को उपनियम ८ बमोजिम यो सूचना प्रकाशित गरिएकोले ईच्छुक ब्यक्ति फर्म सस्था वा कम्पनीले लिलाम बढाबढमा सहभागी हुनको लागि यो सूचना प्रकाशित भएको मितिले १५ दिने सूचना प्रकाशित गरिएको छ उक्त मिति भित्र डांक बढाबढमा भाग लिन सम्वन्धित सवैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.न. | लिलाम बिक्रि गरिने बस्तुको बिवरण | सखया | न्यूनतम मुल्य | कैफियत |
|---|---|---|---|---|
| १ | यस अदालतको पुरानो न्यायाधीश आवास भवनमा प्रयोग भएका काठपात ढुंगा लगायतका सामग्री | | ५९००० | |
| | लिलाम गर्नु पर्ने न्युनतम एकमुष्ट रकम | | ५९०००।- | |

<u>शर्तहरु</u>

१.लिलाम बढाबढ हुने स्थान मिति र समय -

क स्थान -दैलेख जिल्ला अदालत । ख मिति -२०७४।५।२१ ग समय - दिनको २ बजे

२. लिलाम बढाबढका लागि दरखास्त दिने ब्यक्ति,फर्म,सस्था वा कम्पनीले मात्र उक्त लिलाम बढाबढमा सहभागी हुन पाउनेछन
३-माथि उल्लेख भएको न्युनतम मुल्यको अङ्कबाट लिलाम बढाबढ शुरु गरिने छ।
४-सवैभन्दा बढी अङ्क बोल कवोल गर्ने ब्यक्तिलाइ लिलाम सकार गरिने छ ।
५-बोलकबोल गर्दा कबोल अङ्क १० प्रतिशतले हुने रकम धरौटी राख्नु पर्नेछ ।
६-लिलाम सकार गर्ने डांक अङ्क बढ्दै गएमा सोही अनुपातमा १० प्रतिशतले हुने रकम धरौटीमा रकम थप गर्दै जानु पर्नेछ ।
लिलाम स्वीकृत गर्ने वा नगर्ने अधिकार अदालतमा निहित रहनेछ ।

७-लिलाम सकार गर्ने ब्यक्तिले कबोल गरेको पुरै रकम लिलाम बढाबढ भएको मितिले ३ दिनभित्र जम्मा गरि ३० दिनभित्र लिलाम सकार गरेको सामान उठाइ लैजानु पर्छ ।उक्त म्यादभित्र बाकी रकम नबुझाएमा धरौट रकम जफत गरि निजभन्दा दोस्रो कम कबोल गर्नेलाइ लिलाम सकार गर्न दिन सकिनेछ ।निजले सकार गरेको मुल्यको १० प्रतिशत तत्कालै धरौट राखी ३ दिनभित्र बाकी रकम चुक्ता गरी ३० दिनभित्र लिलाम सकार गरेको सामान उठाइ लैजानु पर्छ ।

८-लिलाम सकार गर्ने ब्यक्तिले म्याद भित्र तोकिएको कार्य नगरेमा धरौटी जफत भै अर्को सूचना प्रकाशित गरी लिलाम गरिनेछ

९-लिलाम बढाबढ हुने सामान दैलेख जिल्ला अदालतको कम्पाउण्डभित्र जहां जुन अवस्थामा छ सोही अवस्थामा लिलाम बढाबढ हुनेछ र ती सामान कार्यालय समय भित्र हेर्न सकिनेछ ।

१०-लिलाम बढाबढ सम्बन्धी सूचना अनुसार लिलाम विक्री हुने सामानको एकमुष्ट रकम बोलकबोल गर्नु पर्नेछ ।

११-लिलाम बिक्रि सम्बन्धी अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछन ।

१२- लिलाम विक्रिसम्बन्धी थप जानकारी आवश्यक परेमा कार्यालय खुलेको समयमा यस अदालतमा सम्पर्क राखी जानकारी लिन सकिने छ ।

२०८४।६।६

(श्रेस्तेदार)

शाखा अधिकृत